# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।११।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत मुद्दामा आयोगको निर्णय अनुसार मिति २०७९।११।२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | ताराकुमारी श्रेष्ठ, अनिस जोशी, राम खड्का (वि.अ. को मु.नं. ०७७-CR-०१२७, वि.अ. को फैसला मिति २०७९।०७।२४) | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | प्र.ताराकुमारी श्रेष्ठ, अनिस जोशीः भ्र.नि. ऐन, २०५९ को दफा ३(१)(ग) को कसुरमा सोही दफा बमोजिम सजाय हुन तथा प्र. राम खड्का लाई भ्रष्टाचार निबारण ऐन २०५९ को दफा ३(१)(ख) को कसुरमा सोही दफा बमोजिम सजाय हुन। | **फैसलाः**<br>आरोपदावीबाट सफाई।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• विगो कायम गरिएको रु.६०,०००।– को हकमा वरामदी मुचुल्का नै नभएको एवं रकम बरामद नै नभएको स्थितिमा घुस रकम लिएको दशी प्रमाणको अभाव रहेको,<br>• उजुरवालाले नै प्रतिवादी ताराकुमारी श्रेष्ठलाई घुस रिसवत वापत रु.६०,०००।– दिएको थिए भनी भन्न नसकेको अवस्थामा मातृका तिमल्सेनावाट प्रतिवादी अनिस जोशीले रु.६०,०००।– लिई प्रतिवादी ताराकुमारी श्रेष्ठलाई दिएको भन्ने आरोपदावी दशी प्रमाणको अभावमा वस्तुपरक र यथार्थपरक देखिन आएन,<br>• मिसिल संलग्न अडियो रेकर्डमा उजुरकर्ता र प्रतिवादी अनिस जोशीको सम्वादमा तथा स्क्रिप्ट राईटिङ्ग सम्वादमा कहिकतै रु.६०,०००।–को वारेमा उल्लेख गरेको पाइदैन,<br>प्रतिवादीहरुले उजुरकर्तासँग घुस रकम माग गरेको र लिएको तथ्य वस्तुनिष्ठ प्रमाणवाट देखिन नआएको। | • प्रतिवादी ताराकुमारी श्रेष्ठ, अनिस जोशी र अर्का प्रतिवादी राम खड्काले मौकामा आफूहरुले उक्त रकम लिएको तथ्य स्वीकार गरी वयान लेखाएको तथा प्रतिवादी अनिस जोशीले अदालत समक्षसमेत मलाई एकजना शिशिर भन्ने मानिस हाल थाहा भएका मातृका तिमिल्सीनाले रकम दिई ताराकुमारी श्रेष्ठलाई पुऱ्याई दिनु भनेकोले ताराकुमारी श्रेष्ठलाई पुऱ्याई दिएको हो भनी लेखाएको,<br>• उजुरीकर्ताको तर्फवाट घुस/रिसवत वापतको रकम उपलव्ध गराउने शिशिर भन्ने मातृका तिमल्सेनाले मौकामा र अदालत समक्षसमेत मैले गंगा श्रेष्ठको तर्फवाट प्रतिवादीहरुलाई रकम उपलव्ध गराएको हुँ भनी लेखाएको,<br>• बमबहादुर बस्नेतसमेत विरूद्ध नेपाल सरकार भएको ने.का.प.२०७०, अङ्क ६,निर्णय नं.९०२२ मा अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको अवस्था र अधिकारप्राप्त अधिकारीसमक्षको आफ्नो कथन इच्छा विरुद्धको हो भनी लिएको जिकीरलाई विश्वास गर्न सकिने आधार नदेखाइएको अवस्थामा सो कथन प्रमाण शून्य हुन्छ भन्न नसकिने सिद्धान्त प्रतिपादन भएको। |